२०७५ श्रावण

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
भागेश्वर गाउंपालिका, डडेल्धुरा



आर्थिक वर्ष २०७४/०७५ को

वार्षिक

# प्रगति प्रतिवेदन


भागेश्वर गाउंपालिका
गाउँकार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
प्रदेश नं. ७, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
प्राविधिक सहयोग इकाई
डडेल्धुरा

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश........2

१. पृष्ठभूमी........5

२. लक्ष बमोजिम उपलब्धी........6

२.१. भौतिक प्रगति........6

२.२. क्षमता विकास........7

२.३. जीविकोपार्जन कार्यक्रम........8

३. अनुगमन तथा प्रतिवेदन........9

४. प्रगती समीक्षा तथा योजना तर्जुमा........10

५. नीति तर्जुमा........11

६. सहकार्य........11

७. आइपरेका समस्याहरु........12

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण........13

अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण........14

अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण........15

अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु........16

अनुसूची ४ : भिजिबिलिटी........18

अनुसूची ५ : जनशक्ति विवरण........19


## तालिका सूची


तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ३ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ५ : आयआर्जन सम्बन्धी विवरण
तालिका ६ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ७ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका ८ : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन
तालिका ९ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १० : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका ११ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | भागेश्वर गाउँपालिका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३२ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | पूँजीगत | ९,५१४.७०० | १०,१७७.००८ | १०,१७७.००८ | १०७% |
| | कार्यक्रम/चालु: | ५,८०६.००० | ५,८०६.००० | ३,५९६.२०३ | ६२% |
| | **जम्मा** | **१५,३२०.७००** | **१५,९८३.००८** | **१३,७७३.२११** | **९०%** |

| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | स्थानीय तह | ८३१.७०० | १,४९४.००८ | १,४९४.००८ | १८०% |
| | नेपाल सरकार | ५,७६४.००० | ५,७६४.००० | ५,४०२.८६८ | ९४% |
| | दातृ निकाय (GoF/EU) | ८,७२५.००० | ८,७२५.००० | ६,८७६.३३५ | ७९% |
| | **जम्मा** | **१५,३२०.७००** | **१५,९८३.००८** | **१३,७७३.२११** | **९०%** |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुंदागत प्रमुख उपलव्धी** |
|---|---|
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | • गत आ.व. देखि कार्यान्वयनमा रहदै आएका ३ वटा खानेपानी तथा सरसफाइ योजनाहरु सम्पन्न भई १०६ घरधुरीका ७३८ जनसंख्या शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् ।<br>• यसै आ.व. मा कार्यान्वयनका लागि सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका ३ वटा खानेपानी तथा सरसफाइ योजनाहरुको कार्य करीव ६० प्रतिशत पुगेको छ र आगामी आ.व. मा यि योजनाहरुबाट २५४ घरधुरीका १,३२१ जनसंख्या खानेपानी सेवाबाट लाभान्वित हुनेछन् ।<br>• सम्पन्न भएका ३ योजनामा हालसम्म रु ४,२०,००० मर्मत संभार कोषमा रहेको छ जुन रकम योजना दिगोपनको लागि महत्वपूर्ण आधार हो । साथै योजनाको दिगोपनलाई मध्यनजर गरेर प्रत्येक योजनाहरुले महिनामा रु ५० देखि रु ८० सम्म प्रति घरधुरी प्रति महिना पानी शुल्क वापत रकम जम्मा गर्ने र सो को रेकर्ड अद्यावधिक गर्दै गइरहेका छन् । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | • सम्पन्न भएका ३ योजनाहरुमा योजनाको सेवालाई सूचारु गर्नको लागि आवश्यक प्राविधिक सहयोग पुर्‍याउनको लागि ३ जना मर्मत संभार कार्यकर्ता नियमित रुपमा परिचालन भएका छन् ।<br>• यस गाउँपालिकामा हालसम्म सम्पन्न भएका ३ योजनाहरु मध्ये ३ योजनाहरुले पानी सुरक्षा योजना तथा मर्मत संभार कार्यविधि लागू गर्दै आएका छन् । |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | • यस आ.व. मा ७ समूहका २०४ घरधुरीका १०६१ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी ब्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।<br>• यस आ.व. मा १ समूहका १८ घरधुरीका ९४ जनसंख्या ब्यवसायिक तरकारी खेतीबाट  न्यूनतम रु २०,००० देखि रु ३०,००० सम्म प्रति घरधुरीले आयआर्जन गर्दै आइरहेका छन् ।<br>• यस गाउँपालिकामा यस आ.व.मा १४ जनाले अगुवा कृषक तालिम पाई समूहमा घरवारी ब्यवस्थापनको लागि सहजिकरण गर्दै आइरहेका छन् ।<br>• यस गाउँपालिकामा यस आ.व.मा ५ जनाले प्लाष्टिक घरमा बेमौसमी तरकारी खेती गर्दै आई सिजनमा रु २०,००० देखि रु ३०,००० सम्म आय बृद्धि गर्न सफल भएका छन् ।<br>• यस गाउँपालिकामा यस आ.व.मा २ जनाले स्थानीय श्रोत ब्यक्ति विकास तालिम प्राप्त गरी घरवारी ब्यवस्थापन, ब्यवसायिक तरकारी खेती जस्ता प्रविधिकमा कृषकहरुलाई आवश्यकता अनुसार सहयोग गर्दै अइरहेका छन् ।<br>• यस गाउँपालिकामा यस आ.व.मा २०४ जना कृषकहरुले Low Cost Technolgy सम्बन्धि कृषि प्रविधिको ज्ञान हासिल गरी आफ्नो घरवारीमा उपयोग गर्दै आइरहेका छन् । |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | • यस गाउँपालिकामा यस आ.व.मा जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम न्यूनिकरणको लागि खासै उपलब्धी हासिल हुन सकेन् तर योजनाको स्रोत संरक्षण गर्ने कार्य योजना सम्पन्न गर्ने बेलामा गरिएको छ । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| नतिजा ४ : क्षमता विकास | • आर्थिक तथा सामाजिक कार्यका साथै विकास निर्माणको कार्यलाई टेवा पुर्‍याउने उद्देश्यले सहकारी विकास तथा प्रवर्द्धनका लागि गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच कार्यशाला गोष्ठी संचालन पश्चात एक सबल सहकारी विकास गर्ने र सोको परिचालन गर्ने लक्ष्य लिइएको छ ।<br>• जलस्रोत तथा जिविकोपार्जनको क्षेत्रमा प्रभावकारी योजना तर्जुमा गर्न भागेश्वर गाउँपालिकाको समग्र गलउपयोग गुरुयोजना समायोजन तथा जीविकोपार्जन योजना निर्माण भएको छ ।<br>• गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना व्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका क्रियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन भूमिका निर्वाह गरेको छ ।<br>• निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका र निर्माणधीन अवस्थामा रहेका ६ वटा खानेपानी तथा सरसफाइ योजनाहरुमा ७ जना ग्रामीण मर्मत संभार कार्यकर्ता विकास गरी परिचालन भएका छन् । |

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (RVWRMP)राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/४/२५ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विश्लेषण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये सत प्रतिशत निकासा भै ९० प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार तर्फको रु. ३,६१,१३२ रकम फ्रिज भएको छ भने दातृ निकाय तर्फको रु १८,४८,६६५ अर्को वर्षमा सरी गएको छ । स्थानीय तहको विनियोजित रकम रु. ८,३१,७०० भन्दा रु. ६,६२,३०७.७८ थप खर्च भई गएको छ । यस स्थानीय तहमा बजेटको तुलनामा ९०% आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका ६ वटा भौतिक निर्माण तर्फका योजना मध्ये ३ वटा योजना सम्पन्न भएका छन् भने ३ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष सम्पन्न हुने गरी क्रमागत रुपमा जिम्मेवारी सरी गएका छन् । यस आ.व.मा बजेट अभावका कारण सुधारिएको चुल्हो निर्माण कार्य हुन सकेन ।

यस प्रतिवेदनमा भागेश्वर गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा पनि गरिएको छ ।

# २. लक्ष बमोजिम उपलब्धी

## २.१. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- गत आ.व. देखि कार्यान्वयनमा रहदै आएका भंगालीखेत खा.पा. तथा स.स. योजना, ठूलागडा बिप्लम खा.पा. तथा स.स. योजना र खानसल्ली थोलेजैते अञ्चल खा.पा. तथा स.स. योजना गरी ३ वटा खानेपानी तथा सरसफाइ योजनाहरु सम्पन्न भई १०६ घरधुरीका ७३८ जनसंख्या शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् ।
- यसै आ.व. मा कार्यान्वयनका लागि सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका सल्याडी गैराडी खा.पा. तथा स.स. योजना गरी २ वटा खानेपानी तथा सरसफाइ योजनाहरु र ओखडानी बहुउपयोगी योजना (खानेपानी र साना सिंचाई योजना) गरी कुल ३ वटा योजनाहरुको कार्य करीव ६० प्रतिशत पुगेको छ र आगामी आ.व. मा यि योजनाहरुबाट २५४ घरधुरीका १,३२१ जनसंख्या खानेपानी सेवाबाट लाभान्वित हुनेछन् भने १०४ घरधुरीका ५४१ जनसंख्या साना सिंचाईबाट लाभान्वित हुनेछन्
- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ९ वटा घरवारी व्यवस्थापन समूह मध्ये ७ समूहका २०४ कृषकहरुलाई तालिम दिई २०४ घरधुरीका १,०६० जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।

*तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ३ | ७३८ | ३ | ७३८ | १००% | १००% |
| २ | घरबारी व्यवस्थापन | ९ समुह | १,१७० | ७ समूह | १,०६० | ७८% | ९१% |

प्राय सबै प्रस्तावित योजनाहरु आशा गरे अनुसारकै समयमा सम्पन्न भएपनि तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिमका केहि योजनाको संख्या लक्ष अनुसार सम्पन्न हुन नसकी लक्षित उपलब्धी हासिल हुन सकेन ।

*तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| क्र.सं. | लक्ष गरिए बमोजिम सम्पन्न हुन नसकेको योजना तथा कार्यक्रम | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|---|
| १ | सुधारिएको चुल्हो निर्माण कार्य | बजेट अपुग भएकोले सम्झौता हुन सकेन । | आगामी आ.व.मा सम्झौता गरी कार्यान्वयन गर्ने । |
| २ | योजना दिगोपन गोष्ठी | योजना सम्पन्न हुन ढिलो हुन गएकोले | आगामी आ.व.मा संचालन गर्ने लक्ष्य लिइएको । |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.२. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- यस आ.व.मा यस गाउँपालिकामा जम्मा लक्षित ३ वटा योजनामा चरणबद्ध कार्यतलिका अनुसारका कियाकलापहरु मध्ये ३ वटा योजनाहरुमा चरवद्ध कार्यतालिका बमोजिमका सबै तालिमहरु सम्पन्न भई उपभोक्ता समितिको क्षमता विकास भएको छ ।
- आर्थिक तथा सामाजिक कार्यका साथै विकास निर्माणको कार्यलाई टेवा पुर्‍याउने उद्देश्यले सहकारी विकास तथा प्रवर्द्धनका लागि गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच कार्यशाला गोष्ठी संचालन पश्चात एक सबल सहकारी विकास गर्ने र सोको परिचालन गर्ने लक्ष्य लिइएको छ ।
- गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना व्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका क्रियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन गाउँपालिकाको क्षमता अभिबृद्धिमा भूमिका निर्वाह गरेको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १८ अगुवा कृषकहरु मध्ये ७ समूहबाट ७ अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका २ जना स्थानीय स्रोत ब्यक्तिहरु मध्ये २ जना स्थानीय अगुवा कृषकहरुलाई स्थानीय स्रोत ब्यक्ति विकास गरी गाउँपालिकामा घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका र निर्माणधीन अवस्थामा रहेका ७ योजनाहरुमा ७ जना ग्रामीण मर्मत संभार कार्यकर्ताहरुलाई १२ दिनको प्राविधिक तालिम दिई सिप विकास गरी परिचालन भएका छन् ।
- जलस्रोत तथा जिविकोपार्जनको क्षेत्रमा प्रभावकारी योजना तर्जुमा गर्न भागेश्वर गाउँपालिकाका वार्ड देखि गाउँपालिकास्तरका जनप्रतिनिधिहरु तथा समुदायको क्षमता विकासका साथै गाउँपालिकाको समग्र गलउपयोग गुरुयोजना समायोजन तथा जीविकोपार्जन योजना निर्माण भएको छ ।
- सुधारिएको चुल्हो निर्माण गर्न प्रवर्द्धकहरुका लागि ५ जनालाई सुधारिएको चुल्हो निर्माण प्रवर्द्धक तालिम संचालन भई प्रवर्द्धक विकास भएका छन् ।

*तालिका ३ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित | दलित | जनजाती | जनजाती | अन्य | अन्य | जम्मा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|



GOVERNMENT OF NEPAL EUROPEAN UNION

| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ३३ | २६ | ० | ० | ३१९ | ३२८ | ३५२ | ३५४ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | | | | | | | | |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | १२ | ५ | १ | ० | १०४ | ६२ | ११७ | ६७ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | ० | ० | ६ | १० | ६ | १० |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | २८ | ३० | ४ | ४ | ४५ | ६५ | ७७ | ९९ |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ५ | ० | ५ |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | ३ | ३ | १ | ० | १ | २२ | ५ | २५ |
| **जम्मा** | **७६** | **६४** | **६** | **४** | **४७५** | **४९२** | **५५७** | **५६०** |

क्षमता विकास तालिमको साथ साथै यस गाउँपालिकामा विभिन्न लक्षित बर्गको लागि विभिन्न जनचेतना जगाउने खालका जस्तैः अन्तराष्ट्रिय नारी दिवस, विश्व पानी दिवस, महिनावारी स्वच्छता दिवस, राष्ट्रिय सरसफाइ सप्ताह, विभिन्न स्कुलहरुमा स्वस्थ्य तथा सरसफाइ सम्बन्धि कक्षा संचालन, विभिन्न समुदाय तथा समूहमा पोषण थाली प्रदर्शन, बैठकहरु, आदि जस्ता कियाकलापहरु सञ्चालन भएका छन् । यसरी यि तालिम तथा क्रियाकलापहरुमा समुदायको उल्लेख्य सहभागिता रहेको थियो । यस गाउँपालिकामा विभिन्न मितिमा सम्पन्न भएका जनचेतनामूलक कार्यक्रमहरुमा कुल ३,४८७ जनाको सहभागिता रहेको थियो जसमा ६३.७ प्रतिशत महिला तथा २६.२४ प्रतिशत दलित तथा जनजाती समुदायको सहभागिता रहेको थियो ।

तालिम तथा विभिन्न कार्यकमको विस्तृत विवरण अनुसूची २ (क) र (ख) मा दिइएको छ ।

## २.३. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ९ वटा घरवारी ब्यवस्थापन समूह मध्ये ७ समूहका २०४ कृषकहरुलाई तालिम दिई २०४ घरधुरीका १,०६० जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी ब्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १८ अगुवा कृषकहरु मध्ये ७ समूहबाट ७ अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।

- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका २ वटा व्यवसायिक आय आर्जन समूह मध्ये १ समूहका १८ कृषकहरुलाई तालिम दिई ९४ घरधुरी व्यवसायिक रुपमा तरकारी खेती गर्दै आइरहेका छन् र उनिहरुको आयआर्जनमा यस आ.व.मा प्रति परिवार रु २०,००० देखीरु ३०,००० सम्म बृद्धि भएको छ ।

*तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| ३ | ३९ | ० | २६३ | ३०२ | ० | ० | १२१ | १२१ | ३९ | ० | ३८४ | ४२३ |
| ५ | ० | ० | ० | ० | १० | ० | ७३ | ८३ | १० | ० | ७३ | ८३ |
| **जम्मा** | **३९** | **०** | **२६३** | **३०२** | **१०** | **०** | **१९४** | **२०४** | **४९** | **०** | **४५७** | **५०६** |

*तालिका ५ : आयआर्जन सम्बन्धी विवरण*

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी खेती | १ | ० | १७ | १८ |
| २ | व्यवसायिक फलफूल खेती | १ | ० | १७ | १८ |
| ३ | बहुउद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | २ | २ |
| ४ | एग्रोभेट | ० | ० | १ | १ |
| **जम्मा** | | **२** | **०** | **३७** | **३९** |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि गाउँपालिकाको अनुगमन संयन्त्रलाई परियोजनाको कार्यविधि अनुसार आवश्यकता अनुसार अनुगमन गर्न अधिकार दिने र सोहि अनुसार आवश्यकता अनुसार अनुगमन गर्ने गरिएको छ ।

*तालिका ६ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क्र.सं. | योजनाको नाम | यस आ.व.मा चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका तथा वडा कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | भङगालीखेत खा.पा. योजना | २ | २ | २ |
| २ | ठुलागडा बिप्लम खा.पा. योजना | २ | २ | २ |
| ३ | खानसल्ली थोलेजैते अञ्चल खा.पा. योजना | २ | २ | २ |
| ४ | सल्याडी गैराडी खा.पा. योजना | २ | २ | २ |
| ५ | ओखडानी बहुउपयोगी योजना | २ | २ | २ |
| ६ | डंसिला खा.पा. योजना | २ | १ | १ |
| | **जम्मा** | **१२** | **११** | **११** |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

*तालिका ७ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १० | २ |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | **१६** | **१४** | **२** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका ८ : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७४/०७/२८ | • नेपाल सरकारको निकासा लिन गा.पा.लाई सहयोग गर्नु पर्ने<br>• बजेट निकासा गर्दा आन्तरिक मेमो, बजेट लाइन खुलाई जलस्रोत सल्लाहकारले सिफारिश गर्नु पर्ने | • सम्पूर्ण कार्यान्वयन भैसकेको |
| २ | २०७५/०२/०८ | • कुनै सुझाव नभएको (सबै पूरा गरेको) | |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको आर्थिक वर्षमा भएको आम्दानी र खर्च भएको रकमको विवरण गाउँपालिकाको सूचना पाटीमा मिति २०७५ श्रावण १८ गते टाँस गरिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका ९ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७४/०५/०६ | गाउँपालिका स्तरिय परियोजना ब्यवस्थापन समिति गठन, जि.स.स.बाट हस्तान्तरण भई आएका सहयोगि व्यक्ति परिचालन तथा सेबा सुबिधा तोकेको, बार्षिक कार्यक्रम तथा बार्षिक कार्य योजना निर्माण भई स्वीकृत भएको । |
| २ | २०७४/०६/०१ | साउन र भदौ महिनामा ग्रा.ज.व्य.प.द्वारा विभिन्न कृयाकलापको समिक्षा, ग्रा.ज.व्य.प.को लागि फोकल पर्सनको रुपमा गाउँपालिका अन्तरर्गत ना.सु. मातृका भट्टलाई तोक्ने निर्णय भएको । |
| ३ | २०७४/७/२६ | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस गा.पा.भित्र RVWRMP को असोज र कार्तिक महिनामा गरिएका क्रियाकलापको समिक्षा, जलउपयोग गुरुयोजना प्रथमिकतामा रहेका खानेपानी योजनाहरु कुनै अन्य संस्थाले सञ्चालन गरेको भए सो योजनाको |

| | | |
|---|---|---|
| | | वास्तविक पत्ता लगाई प्रथामिकरणबाट हटाई प्राथमिकतामा रहेका अन्य योजना प्रकृयामा अगाडि बढाउने निर्णय भएको, RMPMC का पदाधिकारीहरुलाई अभिमुखिकरण सम्बन्धमा छलफल । |
| ४ | २०७४/०८/२८ | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस गा.पा.भित्र RVWRMP को मंसिरमा गरिएका क्रियाकलापको समिक्षा र निर्माणधीन योजनाको म्याद थप गर्ने निर्णय भएको । |
| ५ | २०७४/१०/१९ | यस गा.पा.भित्र RVWRMP को गत महिनासम्म गरिएका क्रियाकलापको समिक्षा, नयाँ योजनाहरुको कार्यान्वयनका लागि सम्झौता गर्ने निर्णय भएको । |
| ६ | २०७४/११/२१ | जलउपयोग गुरुयोजना समायोजन तथा जिविकोपार्जन कार्यान्वयन योजना निर्माण, समिक्षा |
| ७ | २०७४/११/२९ | गाँउपालिका अन्तरगत संञ्चालित ग्रामिण ज.व्य.प. को चालु आ.व. २०७४/०७५ को पुजिगत कार्यक्रम संसोधन तथा आगामी आ.व.को कार्यक्रम तयार गर्ने निर्णय भएको । |
| ८ | २०७५/०२/०१ | गत अवधिको प्रगति समिक्षा, खानेपानी तथा सरसफाइ रणनिती, सरसफाई सप्ताह र महिनावारी स्वच्छता दिवस मनाउने विषयमा निर्णय भएको । |
| ९ | २०७५/०३/०५ | सहकारी सबलीकरण तालिम तथा सहयोगी संस्था छनौट सम्बन्धि छलफल भएको । |
| १० | २०७५/०३/२४ | गत अवधिको प्रगति समिक्षा, सहयोगी संस्था छनोटको प्रकृया अगाडी बढाउने निर्णय, सहयोगी संस्था छनोट समिति र सहजिरण सहयोगका लागि परियोजनालाई अनुरोध गर्ने सम्बन्धमा निर्णय भएको, आगामी आ.ब. २०७५/०७६ को लागि जनशक्ति व्यवस्थापन तथा फिल्ड अफिस सम्झौता अवधि थप गर्ने सम्बन्धमा निर्णय भएको । |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. गाउँपालिकास्तरीय जलउपयोग गुरुयोजना समायोजन गरी गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण भएको (सबै वडाहरुको योजना गोष्ठी भई गाउँपालिकास्तरीय गोष्ठी पनि सम्पन्न भैसकेको) ।

२. गाउँपालिकास्तरीय जीविकोपार्जन कार्यान्वयन योजना निर्माण भएको (सबै वडाहरुको योजना गोष्ठी भैसकेको तर गाउँपालिकास्तरीय गोष्ठी हुन बांकी) ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

*तालिका १० : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. |
|---|---|---|---|---|
| १ | कृषि शाखा | • ३ दिने घरबारी ब्यबस्थापन तालिम<br>• व्यबसायिक तरकारी खेति तालिम | • बिउबिजन र बजेट सहयोग<br>• पोलिहाउस, सिल्पाउलिन छानो निर्माण | ४३,५०० |
| २ | रेडियो सूदुर आवाज ९५.० मेगाहर्ज, | कार्यक्रम समृद्धि र सम्मान प्रसारणमा सहकार्य | थप एपिसोड र जिंगल प्रसारण | १५,५०० |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | | | | |
|---|---|---|---|---|
| | डडेल्धुरा | | | |

## ७. आइपरेका समस्याहरु

यस आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा खासै मुख्य समस्याहरु आई परेनन् तर सामान्य निम्न बमोजिमका समस्याहरु आइपरेका थिए, जसको समाधान गर्न निम्न उपायहरु अवलम्बन गरिएको थियो र बानी ब्यहोरा परिवर्तनमा अझै समय लाग्ने देखिन्छ ।

*तालिका ११ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | गोठेमल ब्यवस्थापन | स्थान अभावका कारण र परम्परागत घर निर्माणको अवस्थाले गर्दा आशा गरे अनुसार परिवर्तन गर्न नसकिए पनि गोठ सुधार र गोठेमल ब्यवस्थापनको लागि समूहहरुमा विशेष छलफल गरिएको । |
| २. | महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग | समुदायमा छलफल गरी महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग गर्नमा जोड दिइएको र विभिन्न जनचेतना जगाउने कार्यहरु गरेको । |

## मा संचालित योजनाहरुको विवरण

| वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च ( रु) | यस आ.व.मा भएको खर्च (रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| **योजना** | | | | | | | |
| ३ | २०६७७८३ | १८९०३६० | ९२१९८० | १६४६२० | सम्पन्न | | २१७ |
| ३ | २४५४४५७ | २२२३०७४ | ९९६०७४ | १७३२२१ | सम्पन्न | | २६० |
| ३ | २३४२०५५ | १९९७१४६ | १३३०६५० | २०३६५७ | सम्पन्न | | २६१ |
| ३ | २२६७०२० | १२६१०९२ | १२६१०९२ | ० | कमागत भई जाने | १२६१०९३ | |
| ४ | ६३०१२६७ | ३५०३९५० | ३५०३९५० | ५००००० | कमागत भई जाने | ३५०३९५१ | |
| ३ | ३६२३१७० | २१६३२६१ | २१६३२६१ | ७२५७३१ | कमागत भई जाने | २३९४१४८ | |

*वेस, सम्पर्क जिल्लाको* **TSU**)

## अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समितिलाई अभिमुकिरण गोष्ठी | ३ र ५ | १ | ३ | ३ | २ | ० | ० | ३६ | ३८ |
| २ | सरसफाई तथा लैगिँक समानता तथा समाजिक समावेशीकरण गोष्ठी | ३ र ५ | २ | ३ | ३ | २ | ० | ० | ३६ | ३८ |
| ३ | घरबारि व्यवस्थापन तथा आयआर्जन गोाष्ठी | ३ र ५ | १ | ३ | ३ | २ | ० | ० | ३६ | ३८ |
| ४ | लेखा व्यवस्थापन गोष्ठी | ३ र ५ | १ | ३ | ३ | २ | ० | ० | ३६ | ३८ |
| ५ | मर्मत सम्भार तथा पानी सुरक्षा योजना गोष्ठी | ३ र ५ | १ | ३ | ३ | २ | ० | ० | ३६ | ३८ |
| ६ | सामुदायीक कार्य योजना | ३ र ५ | १ | ३ | ३ | २ | ० | ० | ३६ | ३८ |
| ७ | निमार्ण पश्चातको गोष्ठी | ३ र ५ | १ | ३ | ३ | २ | ० | ० | ३६ | ३८ |
| ८ | निमार्ण पूर्वको गोष्ठी | ३ र ५ | १ | ३ | ३ | २ | ० | ० | ३६ | ३८ |
| ९ | गा.पा.स्तरीय उपभोक्ता समिति व्यवस्थापन तालिम | | ३ | १ | ६ | ८ | ० | ० | ६ | ८ |
| १० | पानी सुरक्षा योजना तालिम | ३ | ३ | २ | ३ | २ | ० | ० | २५ | १६ |
| **सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| | | | | | | | | | | |
| **जिवीकोपाजन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरवारी व्यवस्थापन तालिम | ३ र ५ | ३ | ७ | ९ | १ | ० | ० | १९७ | ३७ |
| २ | सहकारी विकास तथा सबलीकरण गोष्ठी | सबै वडा | १ | १ | ३ | ४ | १ | ० | ७ | २५ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| **स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामीण मर्मत सम्भार कार्यकर्ता | ३ र ५ | १२ | १ | ० | ० | ० | ० | ० | ४ |
| २ | अगुवा कृषक तालिम | ३ र ५ | ०५ | १ | ० | ० | ० | ० | ५ | ४ |
| ३ | नर्सरि नाईके तालिम | ३ | ०३ | १ | ० | ० | ० | ० | ० | १ |
| ४ | ग्रामिण कृषि कार्यकर्ता | ३ र ४ | ०५ | १ | ० | ० | ० | ० | १ | १ |
| **जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वडा स्तरिय जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना गोष्ठी | १ देखि ५ | २ | ५ | २८ | ३० | ४ | ४ | ४५ | ६५ |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | सुधारिएको चुल्हो निर्माण तालिम | १ देखि ५ | ५ | १ | ० | ० | ० | ० | ० | ५ |
| | | | | | | | | | | |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | गापा स्तरिय जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना गोष्ठी | १ देखि ५ | ३ | १ | ३ | ३ | १ | ० | १ | २२ |

## अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण

| क्र.सं. | सञ्चालित कार्यक्रमको नाम | वडा नं. | अवधि (दिन) | संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिनावारी स्वच्छता दिवश | ३ र ५ | १ | १ | ४२ | ० | २८ | ० | ५७ | ० |
| २ | राष्ट्रिय सरसफाई सप्ताह | १ देखि ५ सम्म | ७ | १ | ५३ | १२ | १४ | ११ | ७३ | ८५ |
| ३ | विश्व पानी दिवश | ३, ४ र ५ | १ | १ | ४२ | १३ | २८ | ११ | ७३ | ५४ |
| ४ | समुदायस्तरमा पुर्ण सरसफाइ तथा छाउपडी सम्बन्धि छलफल | ३ र ५ | | | ६९ | ८ | ० | ० | ५५५ | १५६ |
| ५ | समुदाय तथा समूहस्तरमा पोषण थाली प्रदर्शन तथा छलफल | ३ र ५ | | | ६९ | ८ | ० | ० | १९८ | २० |
| ६ | बिद्यालयस्तरमा सरसफाइ स्वच्छता सम्बन्धि कक्षा सञ्चालन | ३ र ५ | १ | ५ | १६० | १५५ | २७ | १३ | १७६ | १५८ |
| | **जम्मा** | | | | **४३५** | **१९६** | **९७** | **३५** | **१,१३२** | **४७३** |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

## अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

**उद्यमशिलताका लागि ईच्छा शक्ति महत्वपूर्ण आधार**

आफुमा तिब्र ईच्छाशक्ति प्रस्फुटन र उचित व्यवस्थापन गर्न सकेमा गरिबि न्युनीकरण तथा आयआर्जनमा बृद्धि गर्न सकिन्छ भन्ने उक्ति प्रमाणित गरेर देखाएका छन श्री स्यालतोली घरवारी तथा आयआर्जन कृषक समुह भागेश्वर गाउँपालिका वार्ड नं ३ मड, डडेल्धुराका अगुवा कृषक तीर्थराज पाण्डेयले ।

आ.व. २०७३/०७४ सालतिर ग्रामीण जलश्रोत व्यबस्थापन परियोजना डडेल्धुराद्धारा आयोजित ३ दिने घरवारी व्यवस्थापन तालिम लिई कन्टुर प्रणालिबाट १ रोपनि जमिनमा खुला प्रबिधिबाट तरकारी खेति व्यवसाय शुरु गरेका उनि पेशाले समुदायमै रहेको प्राथमिक बिद्यालयका शिक्षक पनि हुन् । शिक्षण पेशामा आबद्ध उनि प्रत्येक दिन साँझ बिहान २/२ घण्टा पोलिहाउसमा व्यस्त देखिन्छन् ।

तरकारी उत्पादनका दृष्टीले उचित हावापानी, उत्पादन योग्य जमिन तथा सडक पहुँच भएको उक्त क्षेत्रमा वि.सं. २०७५ साल बैशाख महिनामा भागेश्वर गाउँपालिका ग्रामीण जलश्रोत व्यबस्थापन परियोजना डडेल्धुराद्धारा श्री स्यालतोली आयआर्जन कृषक समुह गठन गरी ३ दिने व्यवसायिक तरकारी खेति सम्बन्धि तालिम, पोलि हाउस लक्षित समुहलाई प्रदान गरी कृषकहरुको शिप क्षमता अभिबृद्धि गरियो । जसवाट प्रभाबित भई समुहका अगुवा कृषक एवं शिक्षक तीर्थराज पाण्डेय लगायत थप ४ जना कृषकहरु व्यवसायीक रुपमा पोलीहाउसमा टमाटर ,काँक्रा लगायत अन्य मौसमी तथा बेमौसमी तरकारी खेति व्यवसाय शुरु गरेका छन् । विगतमा पाखे धान खेति गरि दैनिक आवश्यक तरकारीहरु  बजारबाट खरिद गर्दै गुजारा गरिरहेका र बर्ष भरिमा ५० देखि ६० हजार बराबरको आर्थिक भार खेप्दै आएका अगुवा कृषक पाण्डेय हाल २ वटा छाना १ वटा फल घर गरि कुल ३ वटा पोलीहाउसमा व्यवसायीक तवरले टमाटर तथा काँक्रा खेति गरिरहेका छन भने करिब २ रोपनि जग्गामा कन्टुर प्रणालिमा आधारित खुल्ला प्रबिधिबाट अन्य मौसमि तरकारी खेति समेत गरि उत्पादन गरिरहेका छन । जसबाट दैनिक हरियो सागसब्जीको प्रयोग गर्ने बानीमा सुधार भई पोषणमा समेत टेवा पुगेको छ ।

उत्पादित तरकारी स्थानिय समुदाय र भागेश्वर गाउँपालिकाको बोगटा बजार क्षेत्रमा विक्रि गरि सिजनमा प्रति पोलिहाउस ३० हजार सम्म आम्दानी गरेर मुनाफा कमाई रहेका उनि मासिक ३ देखि ५ हजार बराबरको खुला प्रबिधिमा उत्पादित मौसमि तरकारी समेत बिक्रि गरि वार्षिक १ देखि डेढ लाख सम्म नगद आम्दानी गर्न सफल भएको कहानी सुनाउछन । अगुवा कृषक पाण्डेय अनुभव सुनाउदै थप्नुहुन्छ, पेशाले शिक्षक हुँ, विद्यालय समय बाहेक बचेको साँझ बिहानको समय मैले पोलीहाउस तथा खुल्ला वारीमा खर्च गर्ने गरेको छु र मेरो हाल तरकारी खेती व्यवसायबाट भएको आय आर्जनको अवस्था देखेर मेरो आय आर्जन कृषक समुहका थप ४ जना कृषकहरुले पनि पोलीहाउसमा बेमौसमि तरकारी खेति व्यवसाय को सुरुवात गरेका छन । उत्पादित तरकारीलाई उचित ढंगबाट बजार व्यवस्थापनका निमित्त यस क्षेत्रलाई कुनै मुख्य २ वटा तरकारी जातहरुको उत्पादन पकेट क्षेत्र घोषणा गरी यस भेगका सम्पूर्ण कृषक दाजुभाईहरुले समान  किसिमको तरकारी उत्पादन गर्न सकेमा उचित मुल्य पाइने र कृषकहरुको चाँडै जिविकोपार्जन सुधार हुन सक्ने प्रचुर सम्भावना देखिन्छ ।

“यसरी घरवारी तथा आयआर्जन समुहलाई शिप तथा क्षमता विकासका गतिबिधि सञ्चालन गरि विपन्न वर्गका कृषकहरुको जिविकोपार्जनमा सुधार ल्याउन र समृद्ध समुदाय निर्माण गर्न सकिन्छ भन्ने कुरामा दुईमत छैन । यसको सम्पूर्ण श्रेय केवल भागेश्वर गाउँपालिका ग्रामीण जलश्रोत व्यबस्थापन परियोजना डडेल्धुरालाई दिन चाहन्छु । हाल छिमेकि राष्ट्र भारत तथा खाडी मुलुकमा दुःख खेपिरहेका युवाहरुलाई म जस्तै स्वदेशमै केही गरी आफनो आयआर्जन बढाउन तथा उद्यमी बन्न सकिन्छ जसको लागि इच्छाशक्ति नै ठुलो कुरा हो भन्ने सन्देस समेत दिन चाहन्छु” भन्नु हुन्छ अगुवा कृषक तीर्थराज पाण्डेय ।

## सरसफाइ महत्वपुर्ण कुरा रहेछ

डडेल्धुरा जिल्लाको भागेश्वर गाउँपालिका वडा न ३ मा भंगालिखेत खानेपानी तथा सरसफाइ योजना अन्तर्गत सयपत्री घरवारी व्यवस्थापन समुह ३५ जना कृषक एकजुट भई गठन भएको थियो । भागेश्वर गाउँपालिका ग्रामीण जलश्रोत व्यबस्थापन परियोजना अन्तर्गत करिब १ बर्ष पहिले भंगालिखेत खानेपानी तथा सरसफाइ योजना निर्माण शुरु गरे सगै घरवारी व्यवस्थापन समुहमा पूर्ण सरसफाइ बारे समेत तालिम संचालन गरियो । प्रत्येक महिना समुहमा छलफल गरियो । लगतै तालिमबाट प्रभाबित भएर समुहका सदस्यहरु पूर्ण सरसफाइका सुचक र व्यवहार परिवर्तन गर्न तिर लागे । घरायसी रुपमा पूर्ण सरसफाइका अनुगमन फाराम पनि सल्लाह सुझाव  सहित भर्ने गरियो ।

आजको सफलता र विगतको जिवनशैली बारे अनुभव सुनाउदै सयपत्री समुहकी अध्यक्ष ललिता शाही भन्नु हुन्छ "यस परियोजनाद्धारा कार्यक्रम संञ्चालन हुनु अगाडि मानिस पनि हामी नै थियौं, घर आगन जमिन पनि यहि थियो तर हाम्रो घर आगनलाई कसरी व्यवस्थापन गर्ने, कसरी राम्रो घरबार बनाउने, पूर्ण सरसफाइ बारे केही थाहा थिएन, फाइदा बेफाइदा बारे केहि थाहा थिएन । घर आगन जस्तो सुकै सानो ठुलो भएता पनि जहीं त्यहिं फोहोर हुन्थ्यो । अहिले आएर पूर्ण सरसफाइ बारे थाहा पाइ सकेका छौ । घर आगनको वनावट, गोठ व्यवस्थापन, चाङ, जुठयान, गोठेमल सुधार, खेर गएको पानीको सदुपयोग गरेर तरकारी फलाएर आर्थिक भारलाई कम गर्न र पोषणको स्तरमा सुधार ल्याउन पनि सफल छौ" ।

यसमा थप्दै समुहकी अध्यक्ष थप भन्नु हुन्छ, "यस परियोजनाको जुन काम गर्ने तरिका छ, यसले हाम्रो आनिबानीमा सुधार ल्याएको छ । मान्छे भएर बाँच्न सरसफाइ नै महत्वपुर्ण कुरा रहेछ भन्ने ज्ञान भएको छ । प्रत्येक घरआँगनमा यो कार्यक्रम पुगोस, हामी जस्तै अरु पनि पूर्ण सरसफाइमा अघि बढुन मेरो शुभकामना छ" ।

## अनुसूची ४ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २०७४/१०/२३ र २०७५/०२/१३ | १. ३ वटा खानेपानी योजनाहरुको बजार सामाग्री खरीदका लागि कोटेशन आह्वान गरिएको । |
| २ | रेडियो | रेडियो सुदूर आवाजसँगको सम्झौता अनुसार विभिन्न मितिमा | १. उपभोक्ता समितिसँग योजनाको बारेमा छलफल गरिएको इपिसोड प्रसारणका लागि ।<br>२. घरबारी समुहका सदस्यहरुलाई आयआर्जन सम्बन्धि अन्तर्वार्ता कार्यक्रम सञ्चालन गरिएको इपिसोड प्रसारणका लागि ।<br>३. सन्देशमूलक बिभिन्न जिंगलहरु नियमित रुपमा प्रसारण गरिएको । |
| ३ | टेलिभिजन | | |
| ४ | सामाजिक सञ्जाल | विभिन्न मितिमा | १. अनुगमन टोलीद्धारा गरिएको योजनाको अनुगमन तथा विभिन्न अनुगमनका दृष्यहरु facebook बाट share गरिएको । |
| ५ | प्रदर्शनी | विभिन्न मितिमा | १. स्थानीय स्तरमा पोषण प्रवर्द्धनका लागि पोषण सम्बन्धि थाली प्रदर्शनहरु विभिन्न समूह तथा समूदायमा गरिएको ।<br>२. स्थानीय विद्यालयहरुमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको लागि विभिन्न पोष्टरहरु र विधिहरु प्रदर्शन गरिएको । |
| ६ | श्रव्य दृष्य सामाग्रीहरु | | |
| ७ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | १. विभिन्न जनचेतना जगाउने, जानकारी दिने खालका वाल पेन्टीङ्ग, होर्डिङ्ग बोर्ड लगायतका सामाग्रीहरु विभिन्न स्थानहरुमा राखिएको ।<br>२. योजना सम्पन्न हुँदा योजनाको बारेमा जानकारीमूलक तथा संरचनाहरुमा सन्देशमूलक जानकारीहरु राखिएको । |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## अनुसूची ५ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजनाबाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए।

| क.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| १ | इश्वरी दत्त पन्त | भागेश्वर गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | फिल्ड सयोजक | १२ |
| २ | देव राज भण्डारी | भागेश्वर गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | फिल्ड सयोजक | २ |
| ३ | धरम सिं भण्डारी | भागेश्वर गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सब इन्जिनियर | १२ |
| ४ | सन्तोष राज जोशी | भागेश्वर गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जिविकोपार्जन प्रबर्द्धक | ९ |
| ५ | कलावती मल्ल | भागेश्वर गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सरसफाइ तथा स्वच्छता प्रबर्द्धक | १२ |
| ६ | प्रेम सिह साउँद | भागेश्वर गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जलस्रोत प्राविधिक | १२ |

गाउँपालिका तथा माथि उल्लेखित सहयोगी ब्यक्तिहरुलाई परियोजनाको उद्धेश्य पूरा गर्नको लागि आवश्यकता अनुसार सहयोग गर्न, योजना तथा कियाकलापहरुको अनुगमन गर्न, तालिम लगायतका विषयहरुमा सहयोग गर्न प्राविधिक सहयोग इकाई र परियोजना सहयोग इकाईबाट पनि पटक पटक कर्मचारीहरु आवश्यकता अनुसार परिचालन भएका थिए।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland